विधेयक संख्याः-

# कोशी प्रदेश दलित अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रदेश सभा सचिवालय**

**कोशी प्रदेश**

**विराटनगर, नेपाल**

# कोशी प्रदेश दलित अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

## <u>उद्देश्य र कारण</u>

कोशी प्रदेशका दलित समुदायमाथि हुने सबै प्रकारका जातीय भेदभाव तथा छुवाछूत र त्यसबाट सिर्जित उत्पीडन एवम् असमानताको व्यावहारिक अन्त्य गर्दै ,दलित समुदायको मौलिक हक, मानव अधिकार र सामाजिक न्याय सुनिश्चित गर्न तथा उनीहरूको सर्वाङ्गीण विकास, सशक्तीकरण र अधिकार प्रवर्द्धनका लागि आवश्यक कानुनी व्यवस्थाका लागि "**कोशी प्रदेश दलित अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" प्रदेश सभामा पेस गर्नु परेको कारण र उद्देश्य देहायका बमोजिम उल्लेख गरेको छुः

**१. विधेयकको उद्देश्यः**

- **भेदभाव तथा छुवाछूतको व्यावहारिक अन्त्यः** कोशी प्रदेशका दलित समुदायमाथि हुने सबै प्रकारका जातीय भेदभाव, छुवाछूत र त्यसबाट सिर्जित उत्पीडन एवम् असमानताको व्यावहारिक रूपमा अन्त्य गर्नु।
- **मौलिक हक र सामाजिक न्याय सुनिश्चितताः** नेपालको संविधान र अन्तर्राष्ट्रिय कानूनले प्रदान गरेका दलित समुदायका मौलिक हक, मानव अधिकार र सामाजिक न्यायलाई प्रदेशस्तरमा प्रभावकारी रूपमा सुनिश्चित गर्नु।
- **सर्वाङ्गीण विकास र सशक्तीकरणः** दलित समुदायको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा सांस्कृतिक उत्थान, सशक्तीकरण र अधिकार प्रवर्द्धनका लागि विशेष नीति तथा कार्यक्रमहरू सञ्चालन गर्नु।
- **संस्थागत संरचनाको निर्माणः** प्रदेश स्तरमा 'प्रदेश निर्देशक समिति' र स्थानीय तहमा 'स्थानीय दलित अधिकार सहजीकरण समिति' गठन गरी दलित अधिकारसम्बन्धी कार्यहरूको नीतिगत समन्वय, अनुगमन र कार्यान्वयन गर्नु।
- **शिक्षा, स्वास्थ्य र रोजगारीमा पहुँचः** विपन्न तथा लक्षित दलित समुदायका विद्यार्थीहरूलाई निःशुल्क एवं गुणस्तरीय शिक्षा (छात्रवृत्तिसहित), स्वास्थ्य सेवा, आवास, भूमि, र सीपमा आधारित रोजगारीका अवसरहरू कानुनी रूपमा सुनिश्चित गर्नु।
- **पीडितको संरक्षण तथा न्यायमा पहुँचः** जातीय विभेद तथा छुवाछूतबाट पीडित व्यक्तिहरूको उजुरी लिने प्रक्रियालाई सहज बनाउन, उनीहरूको कानुनी प्रतिरक्षा (मुख्यन्यायाधिवक्ताको कार्यालयमार्फत), सुरक्षा, र पुनस्र्थापनाको भरपर्दो व्यवस्था गर्नु।

२. **विधेयकको कारणः**

- **संवैधानिक हकको कार्यान्वयनका लागिः** नेपालको संविधानले सबै नागरिकलाई समानताको हक र छुवाछूत तथा भेदभावविरुद्धको हकको प्रत्याभूति गराए तापनि व्यावहारिक अभ्यासमा अझै पनि दलित समुदाय विभिन्न विभेद, छुवाछूत र वञ्चितीकरणमा परेकाले यसलाई प्रदेशस्तरमा कानुन निर्माण गरी कार्यान्वयन गर्न आवश्यक भएको छ।

- **विद्यमान असमानता र वञ्चितीकरणको सम्बोधनः** लामो समयदेखि राज्यका हरेक अवसर र साधन-स्रोतबाट पछाडि पारिएका कोशी प्रदेशभित्रका दलित समुदायको जीवनस्तर उकास्न, उनीहरूको जातजातिको वर्गीकरण गरी लक्षित वर्गसम्म सेवा-सुविधा पुऱ्याउन कानुनी आधारको खस्कँदो अवस्थालाई चिर्नु पर्ने आवश्यकता रहेको छ।

- **प्रभावकारी समन्वय र अनुगमनः** स्थानीय तहदेखि प्रदेश तहसम्म दलित अधिकारका क्षेत्रमा हुने क्रियाकलापहरूलाई एकद्वार प्रणालीबाट समन्वय, अनुगमन र निर्देशन गर्न कुनै विशेष कानुनी संयन्त्र नभएकोले निर्देशक समिति र सहजीकरण समितिको कानुनी व्यवस्था गर्न यो विधेयक ल्याउनु परेको हो।

- **सुरक्षा, राहत तथा पुनस्थापनाको सुनिश्चितताः** जातीय विभेद र हिंसाका घटनामा पीडित भएकाहरूलाई तत्काल राहत, निःशुल्क स्वास्थ्योपचार, कानुनी लडाइँका लागि प्रतिरक्षा र सुरक्षित पुनस्थापनाको अभाव खट्किएकोले यसैलाई सम्बोधन गर्न यो ऐन अपरिहार्य भएको छ।

..........................................

**राम प्रसाद महत्तो**

मन्त्री

सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

# कोशी प्रदेश दलित अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

## आर्थिक टिप्पणी

कोशी प्रदेशभित्रका दलित समुदायमाथि हुने सबै प्रकारका जातीय भेदभाव तथा छुवाछूत र त्यसबाट सिर्जित उत्पीडन एवम् असमानताको व्यावहारिक अन्त्य गर्दै दलित समुदायको मौलिक हक, मानव अधिकार र सामाजिक न्याय सुनिश्चित गर्न तथा उनीहरूको सर्वाङ्गीण विकास, सशक्तीकरण र अधिकार प्रवर्द्धनका लागि आवश्यक कानुनी व्यवस्था गर्न यो विधेयक तर्जुमा गरिएको हो।

यस विधेयकमा प्रदेश स्तरमा 'प्रदेश निर्देशक समिति' र स्थानीय तहहरूमा 'स्थानीय दलित अधिकार सहजीकरण समिति' गठन गर्ने व्यवस्था गरिएको छ। साथै, दलित समुदाय लक्षित गरी छात्रवृत्ति, शिक्षा पहुँच भत्ता, स्वास्थ्य बीमा, पोषण भत्ता, विशेष सामाजिक सुरक्षा भत्ता, पीडितको संरक्षण तथा पुनर्स्थापना र व्यावसायिक प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने भएकोले प्रदेश सरकार र स्थानीय तहमार्फत निश्चित आर्थिक व्ययभार पर्ने देखिन्छ। यद्यपि, अधिकांश प्रशासनिक कार्यहरू सम्बन्धित मन्त्रालय र स्थानीय तहका हाल/विद्यमान शाखाहरूको संरचनामार्फत नै सम्पादन हुने व्यवस्था मिलाइएको छ।

विधेयकको कार्यान्वयनका क्रममा सिर्जना हुने आर्थिक दायित्व तथा कार्यक्रमहरूको खर्च व्यवस्थापनका लागि प्रदेश सरकारले आफ्नो नियमित वार्षिक बजेट तथा कार्यक्रममा सम्बन्धित मन्त्रालयमार्फत आवश्यक बजेट विनियोजन गर्नेछ। स्थानीय तहसँग लागत साझेदारी र समन्वयमा कार्यक्रमहरू सञ्चालन गरिनुको साथै संघीय सरकारबाट प्राप्त हुने विभिन्न अनुदान तथा वित्तीय हस्तान्तरणका रकमसमेत यस क्षेत्रमा परिचालन गरिनेछ।

प्रस्तावित विधेयक कार्यान्वयनमा प्रदेश र स्थानीय तहको सञ्चित कोषबाट केही वित्तीय दायित्व सिर्जना हुने देखिए तापनि यसबाट राज्यबाट पछाडि पारिएका कोशी प्रदेशका सीमान्तकृत दलित समुदायको उत्थान, सामाजिक न्याय र समतामूलक समाज निर्माणमा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

..........................................

**राम प्रसाद महत्तो**

मन्त्री

सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

# <u>प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी</u>

**कोशी प्रदेश दलित अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**मा "तोकिए वा तोकिए बमोजिम" वा "कार्यविधि र निर्देशिका" बनाउन सक्ने प्रत्यायोजित व्यवस्थापनका विषयहरु समावेश भएकोले निम्न दफाहरुमा देहाय बमोजिम नियम वा निर्देशिका वा कार्यविधि बन्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।

| क्र.सं. | ऐन तथा सोको दफा, उपदफा | नियम वा निर्देशिका वा नीति बनाउन सक्ने व्यवस्था | नियम वा निर्देशिका वा नीति बनाउनु पर्ने कारण | बनाइने नियम वा निर्देशिका वा नीतिको प्रकृति, सीमा तथा त्यसबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | ऐनको दफा ४ खण्ड (न) | तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने वा गराउने। | निर्देशक समितिको काम, कर्तव्य र अधिकार नियमावलीमा थप हुने । | ऐनमा उल्लेख भएकोमा बाहेक सरकारले पहिचान गरेको काम कर्तव्य अधिकारबाट समितिको काम कारबाही व्यवस्थित हुने । |
| २. | ऐनको दफा ६ खण्ड (झ) | तोकिएको मापदण्डका आधारमा प्रत्येक वडालाई जातीय विभेद तथा छुवाछूतमुक्त घोषणा गर्दै स्थानीय तहलाई नै 'जातीय विभेद तथा छुवाछूतमुक्त स्थानीय तह' घोषणा गर्न आवश्यक पूर्वधार, कार्यक्रम र त्यसको दिगोपनाका योजनाहरू तयार गर्ने । | 'जातीय विभेद तथा छुवाछूतमुक्त स्थानीय तह' घोषणा गर्न निश्चित मापदण्ड निर्धारण हुने । | स्थानीय तह 'जातीय विभेद तथा छुवाछूतमुक्त घोषणा हुने । |
| ३. | ऐनको दफा ६ खण्ड (ढ) | तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने वा गराउने। | सहजीकरण समितिको काम, कर्तव्य र अधिकार नियमावलीमा हुने । | काम कर्तव्य अधिकारबाट समितिको काम कारबाही व्यवस्थित हुने । |

| | | | | |
|---|---|---|---|---|
| ४. | ऐनको दफा ८ उपदफा (४) | उपाध्यक्षको सेवा सुविधा तोकिए बमोजिम हुनेछ । | प्रदेश सरकारले वित्तीय क्षमताको आधारमा सेवा सुविधाको निर्धारण नियमावलीमा गर्ने । | उपाध्यक्षको सेवा सुविधा निर्धारण हुने । |
| ५. | ऐनको दफा ८ उपदफा (६) | यस ऐन बमोजिम मनोनीत सदस्य र उपाध्यक्षको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ। | काम, कर्तव्य र अधिकारसम्बन्धमा नियमावलीमा व्यवस्थित हुने । | काम, कर्तव्य र अधिकार निर्णधरणमार्फत उपाध्यक्ष र सदस्य जिम्मेवार हुने । |
| ६. | ऐनको दफा १० को उपदफा (७) | निःशुल्क शिक्षा तथा छात्रवृति सम्बन्धी अन्य व्यवस्था कार्यविधि बनाई लागू गरिनेछ। | निःशुल्क शिक्षा तथा छात्रवृति वितरणका आधार, प्रकृया लगायतका व्यवस्थाहरू कार्यविधिमा हुने। | शिक्षामा पहुँच सुनिश्चित हुने। |
| ७. | ऐनको दफा ११ को उपदफा (९) | दलित समुदायका व्यक्तिका लागि निःशुल्क स्वास्थ्य सेवा प्रवाहमा पहुँच पुर्याउन आवश्यक मापदण्ड एवं कार्यविधिमा लागु गर्न सकिनेछ। | निःशुल्क स्वास्थ्य सेवामा पहुँच हुनका लागि आधार, प्रकृया लगायतका व्यवस्थाहरू कार्यविधिमा हुने। | स्वास्थ्यमा पहुँच सुनिश्चित हुने। |
| ८. | ऐनको दफा १२ उपदफा (५) | दलित समुदायको सीप तथा व्यवसायिकता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | दलित समुदायलाई उपलब्ध गराइने सीप तथा व्यवसायिकता सम्बन्धमा विधि, पद्दति र प्रकृया नियमावलीमा हुने। | दलित समुदायको रोजगारी सम्बन्धी अधिकारमा पहुँच हुने। |
| ९. | ऐनको दफा १३ उपदफा (२) | विशेष भत्ता प्रदान सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | दफा १३ को उपदफा (१) मा रहेको विशेष भताका सम्बन्धमा आधार, प्रकृया लगायतका व्यवस्था नियमावलीमा गर्न । | विपन्न दलितलाई विशेष भत्ता उपलब्ध हुने । |
| १०. | ऐनको दफा १४ उपदफा (३) | भूमिहीन दलित समुदायका नागरिकलाई आवास र न्यूनतम जीविकोपार्जनका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | भूमिहीन दलित समुदायका नागरिकलाई आवास र न्यूनतम जीविकोपार्जनका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा आधार, प्रकृया लगायतका व्यवस्था नियमावलीमा गर्न । | भूमिहीन दलित समुदायका नागरिकलाई आवास र न्यूनतम जीविकोपार्जनका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा कानूनी |

| | | | | |
|---|---|---|---|---|
| | | | | आधार निर्धारण हुने। |
| ११. | ऐनको दफा १५ उपदफा (२) | खाद्यान्न उपलब्ध गराउने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | खाद्यान्न उपलब्ध गराउने प्रकृया, आधारहरू लगायतका व्यवस्था नियमावली वा कार्यविधिमा गर्न । | खाद्यान्न उपलब्ध गराउने सम्बन्धी अधिकारको सुनिश्चित हुने । |
| १२. | ऐनको दफा १९ उपदफा (२) | जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाईको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ। | प्रचलित कानून बमोजिम जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाईको काम, कर्तव्य र अधिकार नियमावलीमा व्यवस्था गर्न। | जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाई कामकारबाहीको कानूनीमा स्पष्ट हुने। |
| १३. | ऐनको दफा २० को उपदफा (३) | जातीय भेदभाव तथा छुवाछूत लगायतका कसूरमा प्रचलित घटनामा पीडित व्यक्तिको उजुरीका सहजीकरण गर्ने सम्बन्धमा आश्यक व्यवस्थापनका लागि कार्यविधि बनाई लागु गर्न सकिनेछ । | पीडित व्यक्तिको उजुरीका सहजीकरण गर्ने सम्बन्धमा आश्यक व्यवस्थापनका लागि कार्यविधि हुने । | पीडित व्यक्तिको उजुरीका सम्बन्धमा सहजीकरण व्यवस्थित हुने । |
| १४. | ऐनको दफा २२ उपदफा (२) | पीडितको संरक्षण र पुनर्स्थापना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | पीडितको संरक्षण र पुनर्स्थापना संचालन व्यवस्थापन सम्बन्धी व्यवस्था नियमावलीमा हुने। | पीडितको संरक्षण र पुनर्स्थापना संचालन व्यवस्थापनका लागि कानुनी आधार प्राप्ति हुने । |
| १५. | ऐनको दफा २३ उपदफा (२) | दलित समुदायभित्रका जातहरूको आर्थिक तथा सामाजिक अवस्था, दलित समुदायभित्रका सबै जातहरूको जीवनस्तर, गरिबी , सरकारी सेवामा उपस्थिति, शैक्षिक अवस्था, मानव विकास सूचकाङ्कको अवस्था, बसोबास गरेको भौगोलिक विकटता, विद्यालयमा विद्यार्थी भर्नाको अवस्था, लैङ्गिक र क्षेत्रीय स्तरको अवस्था लगायतका तोकिए | दलित समुदायको वर्गीकरण गर्न निश्चित आधारहरू नियमावलीमा हुने । | दलित समुदायको बस्तुनिष्ठ र वैज्ञानिकमा आधारित विर्गीकरणका लागि आधार तयार हुने। |

| | | | | |
|---|---|---|---|---|
| | | बमोजिमका अन्य महत्त्वपूर्ण विषयमा आधारित भई वर्गीकरण गरिनेछ। | | |
| १६. | ऐनको दफा २३ उपदफा (३) | दलित समुदायको वर्गीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | दलित समुदायको वर्गीकरण गर्न निश्चित आधार, तयारी, तथ्याङ्क संकलन, ढाँचा निर्धारण, प्रकृया, प्रणीलीको विकास, समन्वय सहकार्य लगायतका व्यवस्थाहरू नियमावलीमा हुने । | बस्तुनिष्ठ र वैज्ञानिकमा आधारित दलित समुदायको विर्गीकरण हुने। |
| १७. | ऐनको दफा २४ उपदफा (३) | परिचयपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | दलित समुदायलाई उपलब्ध हुने परिचयपत्र सम्बन्धी प्रकृया नियमावलीमा हुने । | परिचयपत्र वितरणका लागि स्पष्ट प्रकृया निर्धारण हुने । |
| १८. | ऐनको दफा २५ उपदफा (१) | सहजीकरण समितिले चालु आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र गत आर्थिक बर्षमा गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा तयारी गरी सम्बन्धित स्थानीय तह र निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ। | वार्षिक प्रतिवेदनका सम्बन्धमा ढाँचा रहने विषयबस्तुहरू र प्रकृया नियमावलीमा हुने । | प्रतिवेदनमा समावेश गर्नु पर्ने विषय र ढाँचाको निर्धारण हुने। |
| १९. | ऐनको दफा २५ उपदफा (२) | निर्देशक समितिले चालु आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र गत आर्थिक वर्षमा गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा तयार गरी प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ। | वार्षिक प्रतिवेदनका सम्बन्धमा ढाँचा रहने विषयबस्तुहरू र प्रकृया नियमावलीमा हुने । | प्रतिवेदनमा समावेश गर्नु पर्ने विषय र ढाँचाको निर्धारण हुने। |

.........................................

**राम प्रसाद महत्तो**

मन्त्री

सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

# <u>व्याख्यात्मक टिप्पणी एवं दफावार सारांश</u>

**कोशी प्रदेश दलित अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**को रहेको दफा र त्यसमा उल्लिखित व्यवस्थाको सारांश एवंम व्याख्यात्मक टिप्पणी देहाय बमोजिम रहेको छः-

**दफा १— संक्षिप्त नाम र प्रारम्भः** ऐनको नाम "**कोशी प्रदेश दलित अधिकार ऐन, २०८३**" रहने र ऐन प्रारम्भ हुने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा २— परिभाषाः** यस विधेयकमा प्रयोग भएका प्राविधिक र कानूनी शब्दहरूलाई अर्थ स्पष्ट पार्ने **व्यवस्था गरिएको छ।**

**दफा ३— निर्देशक समितिः** दलित समुदायमाथि हुने छुवाछूत र जातीय भेदभावको अन्त्य तथा हकहित प्रवर्द्धनका लागि मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा **प्रदेश निर्देशक समिति** गठन हुने **व्यवस्था गरिएको छ।**

**दफा ४— निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिलाई हुने काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ।

**दफा ५— सहजीकरण समितिः** स्थानीय तहमा दलित समुदायको हकहित प्रवर्द्धन र छुवाछूतको अन्त्यका लागि स्थानीय तहका प्रमुख वा अध्यक्षको अध्यक्षतामा **स्थानीय दलित अधिकार सहजीकरण समिति** गठन हुने **व्यवस्था गरिएको छ।**

दफा ६— **सहजीकरण समितिको काम, कर्तव्य र अधिकारः स्थानीय दलित अधिकार सहजीकरण समिति** हुने काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ।

**दफा ७— मनोनीत सदस्यको योग्यताः** मनोनयन हुन योग्य हुने व्यक्तिका सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा ८— मनोनीत सदस्यको पदावधि र सुविधाः** मनोनीत पदाधिकारीको पदावधि र पदबाट हट्न सक्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा ९— बैठक र निर्णयः** निर्देशक र सहजीकरण समितिको बैठक र बैठकमा हुने निर्णय प्रकृया सम्बन्धी व्यवस्था गरिएको छ।

**दफा १०— शिक्षामा पहुँचः** आधारभूत तहदेखि उच्च माध्यमिक तहसम्म गुणस्तरीय र छात्रवृत्तिसहितको निःशुल्क शिक्षा, उच्च शिक्षा र प्राविधिक शिक्षाका लागि विशेष छात्रवृत्ति तथा भत्ताको व्यवस्था गरिएको छ।

**दफा ११— स्वास्थ्यमा पहुँचः** दलित समुदायको व्यक्तिहरूलाई स्वास्थ्यमा सहज पहुँचका सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा १२— सीप तथा व्यवसायको विकासः** परम्परागत सीप तथा व्यवसायको बजारीकरण, प्रवर्द्धन, बीउ पुँजी मार्फत स्वरोजगार अवसर र वित्तीय संस्थासँग समन्वय गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा १३— विशेष सामाजिक सुरक्षाः** वैदेशिक रोजगार वा अन्य कारणले आमाबुवा गुमाएका बालबालिका, सहिद परिवार तथा लक्षित विपन्न दलितलाई विशेष भत्ता प्रदान गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा १४— जग्गा तथा आवास उपलब्ध गराउने व्यवस्थाः** भूमिहीन दलितलाई आवास र न्यूनतम जीविकोपार्जनका लागि जग्गा उपलब्ध गराउन स्थानीय तह तथा नेपाल सरकारसँग समन्वय गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा १५— खाद्यान्न व्यवस्थाः** विपन्न दलित समुदायलाई सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा १६— समानुपातिक समावेशी प्रतिनिधित्वः** दलित समुदायको जनसङ्ख्याको समानुपातिक आधारमा समावेशी सिद्धान्तबमोजिम सहभागिता र क्षमता विकास सुनिश्चित गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा १७— साधन स्रोतमा पहुँचः** प्रदेश अन्तरगत रहेका साधन स्रोतको वितरणमा दलित समुदायको समान पहुँच हुने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा १८— छुवाछूत तथा जातीय विभेद उन्मूलन सम्वन्धी व्यवस्थाः** प्रदेशस्तरीय सामाजिक जनचेतना अभियान सञ्चालन गर्ने तथा शैक्षिक संस्था र पाठ्यक्रममा विभेदलाई प्रोत्साहन गर्ने सामग्री नराख्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा १९— जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाई सम्बन्धी व्यवस्थाः** जिल्ला प्रहरी कार्यालयमा **जातीय** विभेद तथा छुवाछूत नियन्त्रण इकाई स्थापना गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा २०— उजुरी गर्न सक्नेः** पीडित व्यक्ति वा निजका आफन्तले जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाईसमक्ष उजुरी गर्न सक्ने तथा यसमा सहजीकरण गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा २१— प्रतिरक्षा सम्बनधी व्यवस्थाः** मुद्दामा पीडित पक्षको तर्फबाट बहस पैरवीका लागि मुख्य न्यायाधिवक्ताको कार्यालयबाट आवश्यक व्यवस्था मिलाउने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा २२— पीडितको संरक्षण र पुनर्स्थापनाः** पीडितलाई निश्चित अवधिका लागि गाँस, बास, कपाससहितको संरक्षण र समाजमा पुनर्स्थापना गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा २३— दलित समुदायको वर्गीकरणः** आर्थिक, सामाजिक तथा शैक्षिक अवस्थाका आधारमा दलित समुदायको वर्गीकरण गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा २४— परिचयपत्रः** वर्गीकरणको आधारमा दलितको लगत राखी परिचयपत्र जारी गर्ने र सोही आधारमा सेवा-सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा २५— प्रतिवेदन पेश गर्नुपर्नेः** सहजीकरण समितिले स्थानीय तह र निर्देशक समिति समक्ष तथा निर्देशक समितिले प्रदेश सरकार समक्ष आर्थिक वर्ष समाप्त भएको निश्चित समयभित्र वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा २६— दोहोरो सुविधा उपलब्ध नगराइनेः** प्रचलित कानुन बमोजिम बाहेक यस ऐन बमोजिम उपलब्ध गराइने सेवा सुविधा दोहोरो पर्ने गरी उपलब्ध नगराइने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा २७— कर्मचारी व्यवस्थापनः** निर्देशक समिति र सहजीकरण समितिको सचिवालयमा आवश्यक पर्ने कर्मचारीको व्यवस्थापन मन्त्रालय र प्रमुख प्रशासकीय अधिकृतले गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा २८— दिवस मनाउनेः** प्रदेश सरकारले तोकेको दिनलाई प्रदेश दलित अधिकार प्रवर्द्धनको रूपमा मनाउने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा २९— लेखा र लेखा परीक्षणः** यस ऐन बमोजिम सम्पादन गरेको योजना तथा कार्यक्रमहरूको लेखा र लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा ३०— नियम बनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा ३१— यस ऐन बमोजिम हुने:** यस ऐनमा लेखिए जति व्यवस्था यस ऐन बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा ३२— ऐन कार्यान्वयनको मापन:** यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षपछि मन्त्रालयले ऐन कार्यान्वयनको प्रभाव सम्बन्धमा मापन गर्न सक्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा ३३— कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकार:** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड प्रदेश सरकारले लागू गर्न सक्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**दफा ३४— संशोधन तथा खारेजी:** यस ऐनको आवश्यक संशोधन तथा खारेजी गर्ने अधिकार प्रदेश सभामा निहित रहने सम्बन्धमा व्यवस्था गरिएको छ।

..........................................

**राम प्रसाद महत्तो**

मन्त्री

सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

# <u>कोशी प्रदेश दलित अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना:</u>** कोशी प्रदेशका दलित समुदायमाथि हुने सबै प्रकारका जातीय भेदभाव तथा छुवाछूत र त्यसबाट सिर्जित उत्पीडन एवम् असमानताको व्यावहारिक अन्त्य गर्दै, दलित समुदायको मौलिक हक, मानव अधिकार, सामाजिक न्यायसहित सर्वाङ्गीण विकास, सशक्तीकरण र अधिकार प्रवर्द्धनका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

**परिच्छेद–१**

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "कोशी प्रदेश दलित अधिकार ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपाध्यक्ष" भन्नाले निर्देशक समितिको उपाध्यक्ष सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "दलित समुदाय" भन्नाले राष्ट्रिय दलित आयोग तथा नेपाल सरकारले दलित भनी सुचीकृत गरेका समुदाय वा व्यक्ति सम्झनु पर्छ।

(घ) "निर्देशक समिति" भन्नाले दफा ३ बमोजिमको प्रदेश निर्देशक समिति सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(च) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेश सरकारलाई सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले कोशी प्रदेश सरकारको दलित सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(झ) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

(ञ)  "सहजीकरण समिति" भन्नाले दफा ५ बमोजिमको स्थानीय दलित अधिकार सहजीकरण समिति सम्झनु पर्छ ।

## परिच्छेद–२

## समिति सम्बन्धी व्यवस्था

३. **निर्देशक समितिः** (१) दलित समुदायमाथि हुने छुवाछूत र जातीय भेदभावको अन्त्य तथा दलित समुदायको हक हितको प्रवर्द्धन, सशक्तीकरण गर्नका लागि एक प्रदेश निर्देशक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिम समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री वा राज्यमन्त्री, मन्त्रालय – अध्यक्ष

(ख) खण्ड (ज) बमोजिमका सदस्यहरूमध्येबाट अध्यक्षबाट मनोनयन गरिएको एक जना – उपाध्यक्ष

(ग) मुख्य न्यायाधिवक्ता वा निजले तोकेको प्रतिनिधि – सदस्य

(घ) प्रदेश सचिव, मन्त्रालय –सदस्य

(ङ) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय – सदस्य

(च) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय – सदस्य

(छ) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय – सदस्य

(ज) प्रदेशभित्र बसोबास गर्ने दलित समुदायका व्यक्तिमध्येबाट प्रदेशको प्रत्येक जिल्लाबाट एक जनाका दरले प्रतिनिधित्व हुने गरी अध्यक्षले मनोनीत गरेको कम्तिमा सात जना महिला सहित सोह्र जना –सदस्य

(झ) दलित सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख, मन्त्रालय – सदस्य सचिव

(३) उपदफा (१) बमोजिम समितिको बैठकमा दलित समुदायबाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्य, दलित समुदायको हक अधिकारसँग सम्बन्धित विज्ञ, प्रदेश सुरक्षा निकायको प्रमुख एवं नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका अन्य पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) उपदफा (२) को (ज) बमोजिम सदस्यहरूको मनोनयन समानुपातिक समावेशी सिद्धान्तको आधारमा प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम समितिको सचिवालयको कामकाज मन्त्रालयको दलित सम्बन्धी विषय हेर्ने महाशाखाले गर्नेछ। ।

४. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संविधान प्रदत्त मौलिक हक, छुवाछूत तथा भेदभाव विरुद्धको कानुन र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय घोषणा तथा प्रतिबद्धताको कार्यान्वयनको अवस्था अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्ने र प्रदेश सरकार एवं सरोकारवालाहरूलाई आवश्यक सल्लाह, सुझाव गर्ने,

(ख) प्रदेशका सबै मन्त्रालयहरू, विभाग, आयोग, स्थानीय तह, सरकारी तथा गैरसरकारी क्षेत्रबाट दलित समुदायको हक संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि सञ्चालित नीति, योजना, बजेट तथा कार्यक्रमहरूको रेखदेख, समन्वय र अनुगमन गरी प्रदेश सरकार समक्ष सुझाव पेश गर्ने,

(ग) जातका आधारमा हुने विभेद, हिंसा तथा भेदभाव विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी सोको कार्यान्वयनको अवस्था अनुगमन गर्ने,

(घ) जातीय छुवाछूत र भेदभाव तथा अपमानजन्य व्यवहार सम्बन्धी घटनाको अनुगमन गरी प्रचलित कानुन बमोजिम कारबाहीका लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

(ङ) छुवाछूत तथा जातीय भेदभावबाट पीडित व्यक्ति वा परिवारलाई सामाजिक न्यायसहितको क्षतिपूर्तिको व्यवस्थापन गर्ने वा गराउने,

(च) जातीय विभेद तथा छुवाछूतको व्यावहारिक अन्त्यका लागि आवश्यक प्रवर्द्धनात्मक, निरोधात्मक तथा प्रोत्साहनमूलक कार्यहरू गर्न तथा गराउन अभिप्रेरित गर्ने,

(छ) यस ऐन बमोजिम शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, समानुपातिक सहभागिता लगायतका अधिकारहरूको प्रभावकारी प्रचलन, उत्थान र विकासका लागि आवश्यक रणनीति, नीति, योजना तथा कार्यक्रमहरू तर्जुमा गरी प्रदेश सरकार समक्ष सुझाव वा सिफारिस पेश गर्ने,

(ज) राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग, महिला आयोग, समावेशी आयोग लगायतका संवैधानिक अंग तथा अन्य निकायहरूसँग दलित समुदायका सरोकारका विषयमा आवश्यक समन्वय र सहकार्य गर्ने,

(झ) दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक र रोजगारी लगायतको समग्र अवस्था समेटिने गरी "प्रदेश दलित अवस्था" तयार गर्ने वा गराउने,

(ञ) दलित समुदायको उत्थान र सशक्तिकरणका लागि आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ट) मधेसी मूलका दलित समुदायको सर्वाङ्गीण विकासका लागि विशेष कार्ययोजना एवं कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन गर्ने वा गराउने,

(ठ) दलित समुदायका महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, र ज्येष्ठ नागरिकको हक हितको प्रवर्द्धन र उनीहरूको सर्वाङ्गीण विकासका लागि विशेष कार्ययोजना एवं कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन गर्ने वा गराउने,

(ड) दलित समुदायका अनाथ, वैदेशिक रोजगार वा कुनै दुर्घटनामा अभिभावक गुमाएका बालबालिका वा परिवारको संरक्षणका लागि आवश्यक कार्यक्रम गर्ने वा गराउने,

(ढ) दलित समुदायको ऐतिहासिक सम्पदाको संरक्षण र संवर्द्धन गर्ने,

(ण) दलित समुदायसँग सम्बन्धित सीप, व्यवसाय, कला, साहित्य र सङ्गीत जस्ता क्षेत्रहरूको संरक्षण, संवर्द्धन र जागरण सम्बन्धी आवश्यक नीति तथा कार्यक्रमहरू तर्जुमा गर्ने वा गराउने,

(त) दलित समुदायको उत्थान र विकासमा योगदान पुर्‍याउने दलित समुदायबाट प्रतिनिधित्व गरेका पदाधिकारीहरूसँग संवाद तथा सहकार्य गर्ने वा गराउने,

(थ) दलित समुदायको मौलिक हक, आधारभूत मानव अधिकार, सामाजिक न्याय, न्यायमा पहुँच, दलितमैत्री बजेट, मानव मर्यादा र समावेशी विकास जस्ता विषयमा अन्तरक्रिया, गोष्ठी, सेमिनार तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने वा गराउने,

(द) समितिको काम कारबाहीलाई व्यवस्थित गर्न ततकाल आवश्यकता भएअनुसार अल्पकालीन समयावधिका उपसमिति वा कार्यदल गठन गरी त्यसको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने,

(ध) प्रदेश सरकारको निर्देशन र निर्णय कार्यान्वयन गर्ने तथा सहजीकरण समितिलाई आवश्यक निर्देशन दिने,

(न) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने वा गराउने।

**५.** **सहजीकरण समितिः** (१) स्थानीय तहमा दलित समुदायको हक हितको प्रवर्द्धन, सशक्तीकरण, छुवाछूत र जातीय भेदभावको व्यावहारीक अन्त्यको लागि प्रत्येक स्थानीय तहमा एक स्थानीय दलित अधिकार सहजीकरण समिति रहने छ ।

(२) उपदफा (१) बमोजिम समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) अध्यक्ष वा प्रमुख, सम्बन्धित स्थानीय तह – अध्यक्ष

(ख) उपाध्यक्ष वा उपप्रमुख, सम्बन्धित स्थानीय तह – उपाध्यक्ष

(ग) दलित समुदायका स्थानीय कार्यपालिकाका दलित सदस्यहरूमध्ये बाट अध्यक्षले तोकेको दुई जना – सदस्य

(घ) सम्बन्धित स्थानीय तहभित्र स्थायी बसोबास रहेका दलित समुदायको व्यक्तिमध्येबाट स्थानीय तहका अध्यक्ष वा प्रमुखले मनोनीत गरेको एक जना महिलासहित तीन जना – सदस्य

(ङ) प्रहरी प्रमुख, सम्बन्धित स्थानीय तह – सदस्य

(च) शाखा प्रमुख, सम्बन्धित स्थानीय तहको दलित सम्बन्धी विषय हेर्ने शाखा –सदस्य सचिव

(३) उपदफा (१) बमोजिमको समितिको बैठकमा दलित समुदायबाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्य, दलित समुदायको हक अधिकारका क्षेत्रमा काम गर्ने नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका अन्य पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको सचिवालयको रूपमा सम्बन्धित स्थानीय तहको दलित सम्बन्धी विषय हेर्ने शाखाले कार्य गर्नेछ ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठकको अध्यक्षता सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुखले गर्नेछ ।

तर कुनै कारणले अध्यक्षको सहमतिमा सम्बन्धित स्थानीय तहको उपाध्यक्ष वा उपप्रमुखले बैठकको अध्यक्षता गर्न बाधा पर्ने छैन ।

६. **<u>सहजीकरण समितिको काम, कर्तव्य र अधिकारः</u>** सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संविधान, प्रचलित कानुन तथा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि—सम्झौताद्वारा प्रदत्त दलित समुदायको अधिकारको प्रवर्द्धन, सशक्तीकरण, सुपरिवेक्षण, अनुगमन तथा कार्यान्वयनमा सहजीकरण गर्ने,

(ख) जातीय भेदभाव तथा छुवाछूत विरुद्धको हक, दलितको हक र सामाजिक न्याय प्राप्तिका लागि प्रचलित कानुनको प्रभावकारी कार्यान्वयन र प्रवर्द्धनात्मक कार्य गर्ने,

(ग) स्थानीय तह अन्तर्गतका विषयगत शाखाहरू तथा वडा कार्यालयहरूबाट दलित समुदायको हितमा सञ्चालित काम—कारबाहीको समीक्षा, समन्वय तथा अनुगमन गर्ने,

(घ) दलित समुदायको हक संरक्षण र हित प्रवर्द्धनका लागि स्थानीय स्तरमा सरोकारवालासँग संवाद, अन्तर्क्रिया, गोष्ठी, सेमिनार तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने वा गराउने,

(ङ) सरकारी वा गैरसरकारी क्षेत्रबाट दलित समुदायको कल्याणका लागि सञ्चालित कार्यक्रमहरूको समन्वय, सहकार्य तथा अनुगमन गर्ने,

(च) स्थानीय तहको वार्षिक नीति, कार्यक्रम र बजेटमा दलित समुदायको सशक्तीकरण, आयआर्जन, सीपमूलक तथा सर्वाङ्गीण विकासका योजनाहरू समावेश गर्न कार्यपालिकामा सुझाव पेस गर्ने,

(छ) प्रत्येक वडामा दलित समुदायको सशक्तीकरणका लागि आवश्यक कार्यक्रम र बजेट व्यवस्थापनमा प्राविधिक तथा नीतिगत सहजीकरण गर्ने,

(ज) जातीय विभेद तथा छुवाछूतको व्यावहारिक अन्त्यका लागि आवश्यक निरोधात्मक, प्रवर्द्धनात्मक तथा प्रोत्साहनमूलक कार्यहरू गर्न समाजलाई अभिप्रेरित गर्ने,

(झ) तोकिएको मापदण्डका आधारमा प्रत्येक वडालाई जातीय विभेद तथा छुवाछूतमुक्त घोषणा गर्दै स्थानीय तहलाई नै 'जातीय विभेद तथा छुवाछूतमुक्त स्थानीय तह' घोषणा गर्न आवश्यक पूर्वाधार, कार्यक्रम र त्यसको दिगोपनाका योजनाहरू तयार गर्ने,

(ञ) दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, तथा रोजगारीको अवस्था समेटिएको प्रामाणिक "स्थानीय दलित पार्श्वचित्र (प्रोफाइल) वा दलित अवस्था प्रतिवेदन" तयार गर्ने वा गराउने,

(ट) दलित समुदायको परम्परागत सीप, ज्ञान र पेसाको आधुनिकीकरण, प्रवर्द्धन तथा संवर्द्धन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,

(ठ) यस समितिको वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि स्थानीय कार्यपालिकामा पेस गर्ने,

(ड) दलित समुदायको हक—हित प्रवर्द्धन एवं सर्वाङ्गीण विकासका लागि निर्देशक समितिसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने वा गराउने।

७. **<u>मनोनीत सदस्यको योग्यता:</u>** निर्देशक समिति र सहजीकरण समितिमा मनोनीत हुने सदस्यको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक भएको,

(ख) मनोनयन हुँदाका बखत पैतिस वर्ष उमेर पूरा भई साठ्ठी वर्ष ननाघेको,

(ग) मान्यताप्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त,

(घ) दलित समुदायको हक हित, सामाजिक रूपान्तरण वा सेवाको क्षेत्रमा कम्तीमा पाँच वर्ष कार्य गरेको,

(ङ) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको।

८. **<u>मनोनीत सदस्यको पदावधि र सुविधाः</u>**(१) यस ऐन बमोजिम मनोनीत उपाध्यक्ष र अन्य मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत उपाध्यक्ष र मनोनीत सदस्यले इमान्दारी पूवर्क पदीय जिम्मेवारी पूरा नगरेमा मनोनीत गर्ने पदाधिकारीले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउँदा सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(३) यस ऐन बमोजिम मनोनीत उपाध्यक्ष र अन्य मनोनीत पदको सदस्यता देहायको अवस्थामा समाप्त भएको मानिनेछः-

(क) यस ऐन बमोजिम मनोनयन हुने पदका लागि आवश्यक न्यूनतम योग्यता नरहेमा,

(ख) निजले आफ्नो पदबाट राजिनामा दिएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) कारणसहितको सूचना नदिई लगातार तीन वटा बैठकमा अनुपस्थित भएमा,

(ङ) उपदफा (२) बमोजिम पदबाट हटाइएमा ।

(४) उपाध्यक्षको सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(५) मनोनित सदस्यलाई बैठक भत्ता सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

(६) यस ऐन बमोजिम मनोनीत सदस्य र उपाध्यक्षको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

९. **<u>बैठक र निर्णयः</u>** (१) समितिको बैठक वर्षको कम्तिमा दुई पटक बस्नेछ।

(२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ उक्त बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(३) अध्यक्षको निर्देशनमा समितिको सदस्य सचिवले सदस्यहरूलाई बैठक बस्ने सम्बन्धी सूचनाको जानकारी पठाउनु पर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी, विज्ञ वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको निर्णय अध्यक्षता गर्ने व्यक्ति र सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(७) बैठक सम्बन्धी अन्य समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

*__द्रष्टव्यः__ यस दफा प्रयोजनका लागि समिति भन्नाले निर्देशक समिति र सहजीकरण समितिलाई जनाउनेछ।*

## परिच्छेद – ३

## शिक्षा, स्वास्थ्य, व्यावसाय, समाजिक सुरक्षा लगायत अन्य अधिकारसम्बन्धी व्यवस्था

१०. **शिक्षामा पहुँचः** (१) प्रत्येक दलित समुदायका विद्यार्थीलाई आधारभूत तह देखि उच्च माध्यमिक तहसम्म गुणस्तरीय शिक्षामा पहुँच हुनेछ।

(२) विपन्न दलित समुदायका विद्यार्थीलाई उच्च शिक्षामा पहुँच गराउन छात्रवृति सहित निःशुल्क उच्च शिक्षाको नीति, योजना र कार्यक्रम बनाई स्थानीय तहको समन्वयमा कार्यान्वयन गर्न सकिनेछ।

(३) विपन्न दलित समुदायका विद्यार्थीलाई स्नातक तहदेखि विद्यावारिधिसम्म अध्ययन गर्न छात्रवृत्तिका सम्बन्धमा आवश्यक व्यवस्थापन गर्न सकिनेछ ।

(४) प्रदेश सरकारले प्राविधिक शिक्षातर्फ पढ्न चाहने विपन्न दलित समुदायका विद्यार्थीका लागि छात्रवृति तथा विशेष अवसर प्रदान गर्न सकिनेछ ।

(५) विपन्न दलित समुदायका विद्यार्थीहरूको शिक्षामा पहुँच अभिवृद्धी गर्न अभिभावक लक्षित विशेष रोजगार कार्यक्रमको व्यवस्था गर्न सकिनेछ ।

(६) निःशुल्क शिक्षा तथा छात्रवृति सम्बन्धी अन्य व्यवस्था कार्यविधि बनाई लागू गरिनेछ।

११. **स्वास्थ्यमा पहुँचः** (१) दलित समुदायलाई निःशुल्क एवम् गुणस्तरीय स्वास्थ्य सेवा पहुँच अभिवृद्धि गरिनेछ ।

(२) दलित समुदायका विपन्न व्यक्तिलाई प्रदेश सरकारले तोकेको निःशुल्क स्वास्थ्यका लागि विशेष व्यवस्थापन गरिनेछ ।

(३) दलित समुदायका जेष्ठ नागरिकहरुलाई नियमित स्वास्थ्य जाँचको लागि व्यवस्था गरी नियमित उपचारको व्यवस्था गर्न सकिनेछ।

(४) विपन्न दलित समुदायका व्यक्तिलाई जटिल तथा गम्भिर प्रकृतिको रोग लागेमा स्वास्थ्य उपचारका लागि आर्थिक सहायता प्रदान गर्न सकिनेछ।

(५) गर्भवती एवंम सुत्केरी महिला र बच्चालाई स्थानीय तहसँगको समन्वय र सहकार्यमा पोषणभत्ता प्रदान गर्न सकिनेछ।

(६) स्थानीय तहसँग समन्वय र सहकार्यमा विपन्न दलित समुदायका परिवारको स्वास्थ्य बीमा निःशुल्क गर्न विशेष व्यवस्था गर्न सकिनेछ।

(७) दलित समुदायका व्यक्तिको स्वास्थ्यमा सुधारका लागि दलित समुदाय लक्षित स्वास्थ्य सचेतना कार्यक्रम संचालन गरिनेछ।

(८) दलित समुदायका व्यक्तिका लागि निःशुल्क स्वास्थ्य सेवा प्रवाहमा पहुँच पुर्याउन आवश्यक मापदण्ड एवं कार्यविधिमा लागु गर्न सकिनेछ।

१२. **<u>सीप तथा व्यवसायको विकासः</u>** (१) दलित समुदायहरुको परम्परागत सीप तथा व्यवसायलाई औद्योगिकरण तथा बजारीकरण गरिनेछ।

(२) दलित समुदायहरुको परम्परागत तथा मौलिक पेशाहरुलाई प्रवर्द्धन गर्न गरिनेछ ।

(३) विपन्न दलित समुदायका व्यक्तिहरूलाई प्रदेश सरकारले टेवा वा बिउ पूँजी मार्फत स्वरोजगार हुने अवसर प्रदान गरिनेछ ।

(४) विपन्न दलित समुदायका व्यक्तिहरूलाई उपलब्ध स्रोत साधन, सीपका आधारमा व्यापार व्यवसाय गर्न बैंक तथा वित्तीय संस्थासँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

(५) दलित समुदायको सीप तथा व्यवसायिकता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **<u>विशेष सामाजिक सुरक्षाः</u>** (१) देहाय बमोजिमका विपन्न दलितलाई प्रदेश सरकारले विशेष भत्ता प्रदान गर्न सक्नेछः-

(क) वैदेशिक रोजगारमा आमा वा बुवा गुमाएका बालबालिका,

(ख) कुनै कारणले आमाबाबु नभएका बालबालिका,

(ग) सहिद परिवारका महिला वा पुरूष वा बालबालिका,

(घ) प्रदेश सरकारले आवश्यकता र औचित्यता आधारमा पहिचान गरेको दलित समुदायका लक्षित अन्य व्यक्ति ।

(२) उपदफा (१) सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **<u>जग्गा तथा आवास उपलब्ध गराउने व्यवस्था:</u>** (१) भूमिहीन विपन्न दलित समुदायका नागरिकलाई आवास र न्यूनतम जीविकोपार्जनका लागि जग्गा उपलब्ध गराउन नेपाल सरकारका सम्बन्धित निकाय तथा स्थानीय तहसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउन सकिनेछ।

(२) विपन्न दलित समुदायका नागरिक र निज आश्रित परिवारका लागि आवास निर्माण गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमका सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **<u>खाद्यन्न व्यवस्था:</u>** (१) प्रदेश सरकारले विपन्न दलित समुदायलाई सहुलियत दरमा खाद्यन्न उपलब्ध गराउन आवश्यक व्यस्थापन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको खाद्यान्न उपलब्ध गराउने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **<u>समानुपातिक समावेशी प्रतिनिधित्व:</u>** (१) दलित समुदायको जनसङ्ख्याको समानुपातिक आधारमा समावेशी सिद्धान्तबमोजिम सहभागिता सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) बमोजिम समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने व्यवस्था गर्दा दलित महिला, अपाङ्गता र विपन्न दलितलाई विशेष व्यवस्थापन गर्न सकिनेछ।

(३) दलित समुदाय लक्षित विशेष प्रशिक्षण, क्षमता विकास तथा सशक्तीकरणका सम्बन्धमा आवश्यक व्यवस्थापन गर्न सकिनेछ। ।

१७. **<u>साधन स्रोतमा पहुँच:</u>** प्रदेश अन्तरगत रहेका साधन स्रोतको वितरणमा दलित समुदायको समान पहुँच हुनेछ ।

## परिच्छेद–४

## <u>विविध व्यवस्था</u>

१८. **<u>छुवाछूत तथा जातीय विभेद उन्मूलन सम्वन्धी व्यवस्था:</u>** (१) छुवाछूत तथा जातीय विभेद उन्मूलन सम्बन्धी प्रदेश स्तरीय सामाजिक जनचेतना अभियान सञ्चालन गरिनेछ।

(२) प्रदेशभित्रका शिक्षण संस्थानलाई छुवाछूत तथा भेदभावरहित दलितमैत्री शिक्षण संस्थाका रूपमा विकास गरिनेछ।

(३) समाजमा जातीय विभेद हटाई समतामूलक समाज निर्माण गर्ने खालका कार्यक्रमहरू बनाई कार्यान्वयन गरिनेछ।

१९. **<u>जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाई सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश सरकारले प्रदेशभित्रका जिल्ला प्रहरी कार्यालयमा जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाईको स्थापना गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ।

(२) उपदफा (१) बमोजिम इकाईको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२०. **<u>उजुरी गर्न सक्नेः</u>** (१) प्रचलित कानूनमा व्यवस्था भएको बाहेक जातीय भेदभाव तथा छुवाछूतको घटनामा पीडित व्यक्ति वा निजका आफन्तले जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाईसमक्ष उजूरी गर्न सक्नेछ।

(२) जातीय भेदभाव तथा छुवाछूत लगायतका कसूरमा प्रचलित घटनामा पीडित व्यक्ति वा निजका आफन्तले संघीय कानून बमोजिम दिएको उजुरी एवम कामकाबारहीमा सहजीकरण समिति र निर्देशक समितिले सम्बन्धित निकायसँग आवश्यक समन्वय एवं सहकार्य कार्य गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमका सम्बन्धमा आश्यक कार्यविधि बनाई लागु गर्न सकिनेछ ।

२१. **<u>प्रतिरक्षा सम्बनधी व्यवस्थाः</u>** जातीय भेदभाव तथा छुवाछूत लगायतका कसूरसम्बन्धी मुद्दामा पीडित पक्षको तर्फबाट बहस पैरवी तथा प्रतिरक्षाका लागि कानून व्यवसायी राख्नु पर्ने अवस्थामा प्रदेश सरकारको मुख्यन्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी तथा प्रतिरक्षाका सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ ।

२२. **<u>पीडीतको संरक्षण र पुनर्स्थापनाः</u>** (१) जातीय भेदभाव तथा छुवाछूत लगायतका कसूरसम्बन्धी मुद्दामा पीडित व्यक्तिलाई विशेष संरक्षण गर्नु पर्ने अवस्था भएमा पीडितको निवेदन मागदावी बमोजिम निर्देशक समिति वा मन्त्रालयले निश्चित समयवधिका लागि पीडितको गासवास र कपास सहितको संरक्षण र समाजमा पुनर्स्थापनको व्यवस्थापन गर्नेछ ।

(२) पीडितको संरक्षण र पुनर्स्थापना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. **<u>दलित समुदायको वर्गीकरणः</u>** (१) दलित समुदायलाई वर्गीकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम दलित समुदायभित्रका जातहरूको आर्थिक तथा सामाजिक अवस्था, दलित समुदायभित्रका सबै जातहरूको जीवनस्तर, गरिबी, विपन्नत दलित, सरकारी सेवामा उपस्थिति, शैक्षिक अवस्था, मानव विकास सूचकाङ्कको अवस्था, बसोबास गरेको भौगोलिक विकटता, विद्यालयमा विद्यार्थी भर्नाको अवस्था, लैङ्गिक र क्षेत्रीय स्तरको अवस्था लगायतका तोकिए बमोजिमका अन्य महत्त्वपूर्ण विषयमा आधारित भई वर्गीकरण गरिनेछ।

(३) उपदफा (१) बमोजिम वर्गीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम वर्गीकरण गरिएको आधारमा यस ऐन बमोजिम उपलब्ध गराइने सेवा सुविधा उपलब्ध गराइनेछ।

२४. **परिचयपत्रः** (१) दफा २३ बमोजिम वर्गीकरणको आधारमा दलितको लगत राखी परिचयपत्र जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परिचयपत्रको आधारमा दलित समुदायलाई सेवा सुविधामा सहुलियत व्यवस्था गर्न सक्नेछ ।

(३) परिचयपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **प्रतिवेदन पेश गर्नुपर्नेः** (१) सहजीकरण समितिले चालु आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र गत आर्थिक बर्षमा गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा तयारी गरी सम्बन्धित स्थानीय तह र निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) निर्देशक समितिले चालु आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र गत आर्थिक वर्षमा गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा तयार गरी प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

२६. **दोहोरो सुविधा उपलब्ध नगराइनेः** प्रचलित कानून बमोजिम बाहेक यस ऐन बमोजिम उपलब्ध गराइने सेवा सुविधा दोहोरो पर्ने गरी उपलब्ध गराइने छैन।

२७. **कर्मचारी व्यवस्थापनः** (१) निर्देशक समितिको सचिवालयमा आवश्यक पर्ने कर्मचारीको व्यवस्थापन मन्त्रालयले गर्नेछ।

(२) सहजीकरण समितिको सचिवालयमा आवश्यक पर्ने कर्मचारीको व्यवस्थापन स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

२८. **नियम बनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

२९. **यस ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति व्यवस्था यस ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

३०. **ऐन कार्यान्वयनको मापनः** यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षपछि मन्त्रालयले ऐन कार्यान्वयनको प्रभाव सम्बन्धमा मापन गर्न सक्नेछ।

३१. **कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकारः** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड प्रदेश सरकारले लागू गर्न सक्नेछ ।

३२. **संशोधन तथा खारेजीः** यस ऐनको आवश्यक संशोधन तथा खारेजी गर्ने अधिकार प्रदेश सभामा निहित रहनेछ।